# CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

## आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्वन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :-**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८२/०८३ (२०२५) को २०८२ श्रावण १ देखि २०८२ असोज ३१ (जुलाई १७, २०२५ देखि अक्टोबर १७, २०२५) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्वन्धी विवरण:-
आर्थिक वर्ष २०८२/०८३ को कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । यस प्रथम त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरूबीच कम्पनीको नियमित व्यवसायिक कारोवार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को पहिलो त्रैमासिक अवधि (असोज ३१, २०८२ को अन्त्यमा) | अघिल्लो त्रैमासिक अवधि (आषढ ३२, २०८२ को अन्त्यमा) | गत आ.व. को पहिलो त्रैमासिक अवधि (असोज ३० २०८१ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुंजीको अनुपात | १.१२ | १.०४ | १.२६ |
| शेयरधनीको शेयर पुंजी कोपको प्रतिफल | (०.०१) | ०.१३ | ०.०२ |
| प्रति शेयर आम्दानी (रु) | (०.८१) | १३.७५ | १.६६ |
| प्रति शेयर नेटवर्थ (रु) | १०६.८० | १०७.६१ | ९७.०६ |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य (रु) | २४४.३३ | २४१.२८ | २३५.९० |
| प्रति शेयर वजार मुल्य (रु १०० -प्रति शेयर) (रु) | ८२३.८० | ९५६.०२ | ९४८ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | (१०१६.५८) | ६९.५४ | ५६९.६५ |
| चालु अनुपात | ५.८८ | २.५५ | ३.२२ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रयमास अवधिसम्मको आर्थिक गतिविधि स्थिर अवस्था रहेको छ । कम्पनीको अघिल्लो आ.व.को सोहि अवधिको तुलनामा कुल आयमा करिब ३० प्रतिशतले कमी आएको छ ।

(ख) मिति २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको कममा भाद्र २४ गतेका दिन कम्पनी परिसरमा प्रवेश गरेको भिडले कम्पनीको वटम स्टेशन परिसरमा तोडफोड, लुटपाट तथा आगजनी गरेको र सोबाट कम्पनीको भौतिक संरचनाहरू तथा केवलकारका उपकरणहरूमा क्षति हुन गई सो दिन पश्चात यस त्रैमासिकको अवधि अन्त्यसम्म सम्पुर्ण व्यवसायिक कारोवार/गतिविधिहरू पूर्ण रुपमा बन्द हुन गएको छ ।

(ग) भाद्र २४ गते आगजनीको घटना पश्चात कम्पनीमा कार्यरत कर्मचारीहरू, स्थानिय व्यक्तिहरू तथा नेपाली सेनालगायतको सहयोगमा कम्पनी परिसरमा जडित अग्नी नियन्त्रण प्रणालीको सहायताले आगो नियन्त्रणमा लिई भौतिक संरचनाहरूमा थप क्षति हुनबाट बचाउन सफल भएको छ ।

(घ) सो घटनाले कम्पनीको बटम स्टेशनको मुख्य भवन परिसर र भित्रका आर्थिक कियाकलापका संरचनाहरू, कार्यालय परिसर, केवलकारको मुख्य प्रस्थान स्थल, बाहिरी क्षेत्रमा रहेका बिभिन्न स्टलहरू तथा केवलकार संचालन गर्ने मुख्य युनिटका उपकरणहरूमा क्षति हुन गएको छ । कम्पनीले आगलागी तथा तोडफोडबाट क्षति पुगेका भौतिक संरचना, सामाग्री तथा उपकारणहरूको बीमा सर्भेयर तथा सम्वन्धित प्राविधिकहरूबाट परीक्षण गराई लगत तयार गरिरहेको छ । विदेशी प्राविधिकहरूको सहयोगमा यथाशिघ्र केवलकार संचालनका लागि मर्मतसंहार तथा पुर्ननिर्माणका कार्यहरू भइरहेको छ ।

(ङ) यस समिक्षा अवधिको मध्यसम्ममा केवलकार भ्रमण गर्ने पर्यटकहरू तथा रिसोर्ट परिसरमा आउने पाहुनाहरूको संख्यामा गत आर्थिक वर्षको सोहि अवधिसम्म कमश वृद्धि भइरहेको थियो । कम्पनीको समग्र आर्थिक गतिबिधिमा सकारात्मक वृद्धि भईरहको अवस्थामा भाद्र २४ गतेको घटनाले परिस्थितिलाई नकारात्मकतर्फ धकेलिदिएको छ । पर्यटकीय कियाकलाप तथा पर्यटक आगमनको मुख्य सिजनको समयमा कम्पनी संचालन ठप्प हुँदा यसबाट कम्पनीको आम्दानीमा उल्लेख्य ह्रास आउन सक्ने आँकलन गरिएको छ ।

(च) कम्पनीले अवका दिनमा समेत हुनसक्ने त्यस प्रकारका घटनाहरू तथा सोबाट सिर्जना हुने परिस्थितिको सामना गर्न रणनीतिक योजना बनाई स्थानिय सरकार तथा स्थानिय बसिन्दाहरूसंगको सहकार्यमा थप सक्रिय रहेकोछ भने आगामी दिनमा आफ्नो सेवा र सत्कारको उद्देश्यमा थप प्रतिवद्ध भई पर्यटकहरूको स्वागतमा यथाशिघ्र फर्कन क्रियाशील रहेको छ ।

छ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को व्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला वजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्वन्धी विपयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु १००/ का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय वमोजिम रहेको छ :-

| प्रथम त्रैमासिक अवधी २०८२ असोज ३१ तदनुसार अक्टोबर १७, २०२५ | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | ११२९..७३ | ८२०.०० | ८२३.८० | ५१ | २६,२४९ | ४०,८०,१७० |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरू :**

**(अ) आन्तरिक**

१ जेनजी आन्दोलनका कममा भदौ २४ गते भएको तोडफोड, लुटपाट तथा आगजनीका कारण केबलकार, रिसोर्ट लगायतका सम्पुर्ण सेवाहरू लगायत आर्थिक क्रियाकलाप पुर्णरुपमा बन्द रहेको । यसका कारण कम्पनी बरपरको व्यवसायिक गतिविधिमा समेत नकारात्मक असर पर्न गएको ।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्ने प्रभाव र सो वाट कम्पनीको कारोवारमा पर्ने असर ।
२. देशमा बेलावखत भई रहने आन्दोलन तथा सोबाट सिर्जना हुने प्रतिकुल परिस्थिति र अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा परेको प्रभाव ।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरूवाट विषेशगरी पर्यटकीय क्षेत्रमा परेको र पर्ने सक्ने प्रभाव ।
५. पर्यटन सम्वद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा वाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु ।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।
७. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क) कम्पनीको व्यवसायिक गतिबिधि संचालन तथा क्षतिग्रस्त संरचनाहरूको पुनःनिमार्णको मुख्य उद्देश्य सहित कम्पनीको संचालक समिति, व्यस्थापन तथा सम्पूर्ण कर्मचारीहरूले अहोरात्र कार्य गरिरहेको छ । केवलकारका उपकरणको मर्मतसंहार गरी यथाशिघ्र संचालनका लागि हाल विदेशी प्राविधिकहरू सहितको टोलीले सक्रिय रुपमा काम गरिरहेकोछ । अन्य गतिविधिहरू अपेक्षित रहेमा र उपकरणहरूमा थप बाधा नआएमा यहि कार्तिक महिनाको अन्तिम सातादेखि केबलकार सेवा तथा अन्य सेवाहरू संचालनमा ल्याइने रणनीति अनुरुप कार्य भइरहेको छ ।

ख) आगामी दिनमा थप परिस्कृत र गुणस्तरीय सेवा प्रवाहका लागि कम्पनी प्रतिबद्ध रहेको छ । कम्पनीको तर्फबाट प्रचार प्रसारका गतिविधिहरूलाई निरन्तरता दिंदै कम्पनीका गतिविधिहरूको समय सापेक्ष जानकारीहरू आम सेवाग्राहीहरूमा प्रवाह गरिनेछ । आगामी दिनमा समेत उत्कृष्ट सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ ।

ग) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिईएका उच्च प्राथमिकतालाई निरन्तरता दिईने छ । लामो समयदेखि बन्द रहेको यस अवधिको क्षतिलाई समेत पुर्ति गर्नेगरी व्यवसायिक गतिविधिहरू संचालनको रणनीति तय गरिनेछ । सम्पूर्ण लगानीकर्ताहरूको लगानीको सुनिश्चितता र सकारात्मक प्रतिफलका लागि कम्पनी प्रतिबद्ध रहेको छ ।

घ) जेनजी आन्दोलनको कममा भाद्र २४ गतेको तोडफोड, लुटपाट तथा आगजनीबाट भएको क्षतीको विवरण तयार गरी बीमा दावीका लागि प्रक्रिया शुरु गरिएको छ ।

**६. संस्थागत सुशासन :-**

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्वारा चालिएका कदम सम्वन्धी विवरण देहाय बमोजिम उल्लेख गरिएको छ :

(क) कर्मचारी विनियमावली र नीति तथा आर्थीक नीति लगायतका संस्थाका विद्यमान नियम, बिनियम, नीति, निर्देशिका र कार्यविधिहरूलाई अनुशरण गर्दै कामकारवाही गर्दै आईरहेको छ । आन्तिरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति लगायत विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आइरहेको छ ।

(ख) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।

(घ) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गर्दै आएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति हुदैं संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

---

**अनुसुची १**

**Chandragiri Hills Limited**

Kathmandu, Nepal

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**

As on Ashwin 31, 2082 BS

| Particulars | Upto This Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited | Upto Previous Quarter ending on Ashad 32, 2082 BS (July 16, 2025 AD) Unaudited | Corresponding Previous Quarter ending on Ashwin 30 2081 BS (October 16, 2024 AD) Unaudited |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,869,095,571 | 2,934,380,493 | 2,984,141,902 |
| (ii) Intangible Asset | 4,296,040 | 4,608,472 | 4,255,189 |
| (iii) Capital Work in Progress | 80,245,309 | 61,636,002 | |
| (iv) Right of Use of Asset | 39,147,768 | 39,377,144 | 43,033,874 |
| (b) Long term Investment | 325,700,000 | 325,700,000 | 315,700,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,318,484,689** | **3,365,702,112** | **3,347,130,965** |
| **Current Assets** | | | |
| (a) Inventories | 42,413,738 | 49,232,262 | 45,050,308 |
| (b) Account Receivables | 23,002,821 | 29,651,839 | 24,705,289 |
| (c) Cash & Cash Equivalent | 76,163,805 | 86,139,130 | 106,625,174 |
| (d) Loans & Advances | 263,299,530 | 139,857,805 | 70,186,651 |
| (e) Other Current Assets | 24,937,050 | 30,857,627 | 25,297,561 |
| **Total of Current Asset** | **429,816,943** | **335,738,662** | **271,864,983** |
| **Total Asset** | **3,748,301,632** | **3,701,440,774** | **3,618,995,948** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | 104,372,298 | 116,804,025 | (45,148,275) |
| Total Equity, Reserve and Surplus | 1,638,463,298 | 1,650,895,025 | 1,488,942,725 |
| **Non- Current Liabilities** | | | |
| (a)Borrowings | 1,836,771,101 | 1,719,327,866 | 1,879,664,578 |
| (b) Deferred Tax Liabilites | 147,444,531 | 147,444,531 | 113,949,883 |
| (c ) Lease Liability | 52,532,116 | 52,075,024 | 52,075,024 |
| **Total of Non-Current Liabilities** | **2,036,747,747** | **1,918,847,421** | **2,045,689,485** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 960,404 | 18,505,132 | 23,052,804 |
| (b) Account payable | 31,149,967 | 34,336,980 | 12,046,932 |
| (c) Other Current Liabilities | 40,980,216 | 78,856,216 | 49,264,002 |
| **Total of Current Liabilities** | **73,090,588** | **131,698,328** | **84,363,738** |
| **Total Equity and Liabilities** | **3,748,301,632** | **3,701,440,774** | **3,618,995,948** |

**Statement of Unaudited Profit & Loss for the period ended on Ashwin 31, 2082 BS (October 17, 2025 AD)**

| Particulars | Upto This Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited | Upto Previous Quarter ending on Ashad 32, 2082 BS (July 16, 2025 AD) Unaudited | Corresponding Previous Quarter ending on Ashwin 30 2081 BS (October 16, 2024 AD) Unaudited |
|---|---|---|---|
| Revenue from Operation | 138,707,763 | 902,416,567 | 195,875,589 |
| Cost of sales | 22,875,257 | 119,933,193 | 26,210,605 |
| **Gross Income** | **115,832,506** | **782,483,374** | **169,664,984** |
| Other Income | 10,288,867 | 30,432,583 | 754,453 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 41,791,932 | 173,100,825 | 45,935,552 |
| Administrative and Other Expenses | 33,396,166 | 100,773,915 | 24,655,843 |
| **Total Expenses** | **75,188,098** | **273,874,740** | **70,591,395** |
| **Profit Before Interest, Depreciation and Tax** | **50,933,275** | **539,041,217** | **99,828,042** |
| Finance costs | 34,122,520 | 156,512,146 | 44,969,625 |
| **Profit Before Depreciation and Tax** | **16,810,754** | **382,529,072** | **54,858,417** |
| Depreciation and Amortization Expenses | 29,242,483 | 116,969,930 | 29,328,550 |
| **Profit before extra ordinary items and taxes** | **(12,431,728)** | **265,559,141** | **25,529,867** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | 0 | 54,663,638 | |
| **Profit (Loss) for the period from continuing operations** | **(12,431,728)** | **210,895,504** | **25,529,867** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **(12,431,728)** | **210,895,504** | **25,529,867** |
| Earning per equity share: | | | |
| Basic Earning per share | (0.81) | 13.75 | 1.66 |
| Diluted Earning per share | (0.81) | 13.75 | 1.66 |